६. सील लगाउने:–

(क) टचाक्सी मिटर बेञ्च जाँचमा ठीक पाइएमा सील लगाउनु पर्छ । टचाक्सी मिटर मोटर गाडीमा जडान भएको उपयुक्त भएमा टचाक्सी मिटरको हेडदेखि ट्रान्समिशन (वा चक्का) सम्म जोडिने पृथक-पृथक जडानहरूमा पनि सील लगाइनेछ ।

(ख) टचाक्सी मिटर गियर बक्स वा टचाक्सी मिटरमा एक खास किसिमको अनुमोदित साईजको जडिएको प्लेटलाई जाँच्ने अधिकारीले लगाएको सील वा टचाक्सी मिटर वा टचाक्सी मिटर गियर बक्स नखोलिकन झिक्न सकिने छैन । सो प्लेटमा देहायबमोजिमको शब्द र अङ्कहरू उठेको वा गडेको हुनु पर्छ:–

(१) टचाक्सी मिटर जडान गरिने सवारी साधनको प्रकार, र

(२) टचाक्सी मिटर चलाउन तथा यसको सञ्चालन र सच्चाइ जाँच्न सवारी साधनको चक्कामा रहने टायरको न्यूनतम प्रभावकारी घेरा ।

७. अङ्कन:–

(क) टचाक्सी मिटरको अगाडि प्लेट र पछाडि प्लेटमा यन्त्रको संख्या अङ्कित भएको हुनु पर्छ ।

(ख) सबै अक्षरहरू रोमन लिपीमा र अङ्कहरू इण्डो-अरेबिकमा हुनेछन् ।

आज्ञाले–
नरकान्त अधिकारी
श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकार
## अर्थ मन्त्रालयको
## सूचना

अन्तःशुल्क ऐन, २०१५ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले वाग्मती अञ्चल, काठमाडौं जिल्ला, काठमाडौं नगर पञ्चायत वडा नं ६ स्थित सिद्धार्थ आयल मिलले उत्पादन गरेको तेलमा उत्पादन गरेको मिति २०३२।११।१२ देखि प्रथम वर्षको लागि लाग्ने अन्तःशुल्क शत प्रतिशत रिहाई दिएको छ ।

आज्ञाले–
श्रीनाथ पाण्डे
श्री ५ को सरकारको उपसचिव

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।